स्थानीय 'ख' वर्गको

# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ५, अंक २७, २०७९ फागुन २ मंगलवार (Jhuleni Post Weekly 14 Feb. 2023) पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय :
प्यूठान न.पा.-४, विजुवार
Email :
jhulenipyuthan@gmail.com


# लुम्बिनी प्रदेशले पायो पूर्णता
# प्यूठानका तुल्सीराम शर्मा कृषि मन्त्री

**झुलेनी पोष्ट,**
**प्यूठान**

लुम्बिनी प्रदेश सरकार गठन भएको एक महिनापछि पूर्णता पाएको छ। मुख्यमन्त्री लिला गिरीले सरकारलाई समर्थन गरेका चार दलका सात जनालाई मन्त्रि मण्डलमा समावेश गरेर सरकारलाई पूर्णता दिएका हुन । यसअघि उनले गत पुस २८ गते दुई जना बिना विभागीय मन्त्री नियुक्ति सहित तीन सदस्यीय मन्त्रि परिषद् गठन गरेका थिए । मुख्यमन्त्री गिरीको सिफारिसमा प्रदेश प्रमुख अमिक शेरचनले संविधानको धारा १६८ अनुसार मौजुदा मन्त्रि परिषदमा मन्त्रीहरूको नियुक्ति र कार्य विभाजन गरेर मन्त्रीहरुलाई शपथ खुवाएका छन् ।

मुख्यमन्त्री गिरीले गत पुस २८ गते बिना विभागीय मन्त्री बनेका दुई सहित नौ सदस्यीय मन्त्रि परिषद विस्तार गरी कार्यविभाजन गरेका हुन् । विस्तारित मन्त्रिपरिषदमा सरकारको नेतृत्व गरेको नेकपा (एमाले) बाट चार, नेकपा (माओवादी केन्द्र) बाट तीन तथा राप्रपा र जनमत पार्टीबाट एक-एक जना नियुक्त भएका छन् ।

माओवादी केन्द्र संसदीय दलका नेता जोखबहादुर महरा आर्थिक मामिला मन्त्री, एमालेका चेतनारायण आचार्य खानेपानी, ग्रामीण तथा सहरी विकास, माओवादी केन्द्रका इन्द्रजित थारू भैतिक पूर्वाधार विकास, एमालेका विष्णुप्रसाद पन्थीलाई स्वास्थ्य मन्त्रालयको



जिम्मेवारी दिइएको छ । यस्तै माओवादी केन्द्रकी कृष्णा केसी आन्तरिक मामिला, कानुन तथा सहकारी, एमालेका दुर्गाप्रसाद चौधरी वन तथा वातावरण, राष्ट्रिय प्रजातन्त्र पार्टीका जानकीप्रसाद यादव उद्योग, पर्यटन तथा यातायात व्यवस्था, एमालेका तुलसीराम शर्मा कृषि तथा भूमि व्यवस्था र जनमत पार्टीका चन्द्रकेश गुप्तालाई सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ । नवनियुक्त मन्त्रीहरूको शपथ आइतबार दिउँसो १ बजे प्रदेश राजधानी दाङ देउखुरीमा गराइएको थियो ।

## कृषि मन्त्री शर्माका दुई निर्णय

*कृषि तथा भूमि व्यवस्था मन्त्रि बनेका प्यूठान क्षेत्र १ का सांसद तुलसीराम शर्माले शपथ खाए लगत्तै आइतबार नै पदभार ग्रहण गरेका छन् । आइतबार दाङ देउखुरीको भालुबाङ स्थित पुरानो बजारमा रहेको मन्त्रालयमा शर्माको पदभार ग्रहण गरेका हुन् । पदभार पछि शर्माले आफ्नो मन्त्रालयमा दुई वटा महत्वपूर्ण निर्णय गराएका छन् । बजारको माग अनुसार प्रदेशको सम्भाव्य वाली बस्तुका विभिन्न जातहरुको पहिचान सहित अध्ययन परिक्षण र त्यसको प्रसारको लागि लुम्बिनी प्रदेशका नमुना कृषि फर्म स्थापनाका लागि आवश्यक प्रकृया अगाडि बढाउने पहिलो निर्णय गरिएको छ । अर्को मन्त्रालय मातहतका कार्यालयबाट गरिने विभिन्न कार्यक्रम तथा बैठकहरुमा संभव भए सम्म स्थानीय उत्पादनबाट तयार भएका खाजा र खानाको प्रयोग गर्ने निर्णय गरिएको मन्त्रालयले जनाएको छ ।*

## हाम्रो नजर

# कस्तो बन्दैछ झिमरुकको चिस्यान केन्द्र !



*झिमरुक गाउँपालिका प्यूठानले निर्माणाधीन आयोजना चिस्यान केन्द्रको अनुगमन गरेको छ । झिमरुक गाउँपालिका वडा नं. ५ रिपापाखा सेवा केन्द्र नजिक निर्माण हुन लागेको चिस्यान केन्द्रको बुधवार निर्माणको अवस्था बारे अनुगमन गरिएको छ। बहुवर्षिय योजनाको रुपमा निर्माण हुन लागेको कोल्ड स्टोरको कुल लागत २ करोड १४ लाख रहेको छ। ठेक्का प्रक्रिया मार्फत रविना जुगल इभिना जेभिले निर्माण कार्य गरिरहेको हो । निर्माणाधीन चिस्यान केन्द्रको निर्माणको काम २०७९/०८० को जेठ मसान्त सम्म निर्माण कार्य सम्पन्न गरिसक्नुपर्नेछ । चिस्यान केन्द्रको निर्माण सम्पन्न भएपछि स्थानीय कृषकहरुले आफुले उत्पादित गरेको बस्तुहरु लाई लामो समयसम्म टिकाइ राख्न सहयोग पुग्ने आशा यहाँका किसानहरुले गरेका छन् । अहिले डिपिसि लेवलको काम भइरहेको गाउँपालिकाले जनाएको छ। सुरुवातदेखि नै अनुगमन कार्य तिव्र रुपमा बढाए भवन निर्माणको गुणस्तर बढ्ने हुन्छ। अनुगमनमै सिमित राख्ने परम्पारगत प्रचलन र ठेकेदारसँगको मिलेमतो बाट कर्मचारी र जनप्रतिनिधि टाढा रहुन । जसका कारण गुणस्तरीय भवन निर्माण र सामग्रि प्रयोगमा ठेकेदारले लापरवाहि गर्न पाउने छैनन् । जिल्लामा अन्य स्थानीय तहले निर्माण गरेका चिस्यान केन्द्र प्रयोग विहिन भईरहँदा कस्तो बन्ला झिमरुकको चिस्यान केन्द्र सबैको नजर परेको छ भने चासोको विषय बनेको छ ।*

# महोत्सवले सकारात्मक सन्देश बोक्नुपर्छ

**स्वर्गद्वारि प्यूठान पाँचौं महोत्सव**

**कार्यक्रम हुने मिति** : २०७९ फागुन ४-१४ गतेसम्म

**मुख्य आयोजक** : प्यूठान उद्योग वाणिज्य संघ

**कार्यक्रम स्थल** : गणतान्त्रिक खेलमैदान विजुवार

*यतिबेला प्यूठानमा महोत्सवको चहल पहल बढेको छ । २०६५ सालमा प्यूठान उद्योग वाणिज्य संघले पहिलो पटक स्वगद्वारी प्यूठान महोत्सवको आयोजना गरेको थियो । त्यहिदेखि महोत्सवलाई निरन्तरता दिदै प्यूठानमा महोत्सव लगाउने क्रम बढेको हो । महोत्सव लगाउन हुने नहुने सबैको धारणा एउटै छैन । महोत्सव लगाउँदा हुने फाइदा बेफाइदा र गुण अवगुण आ-आफ्नै धारणा हुन् । तर महोत्सवले सकरात्मक स न्देश दिनु जरुरी हुन्छ । प्यूठानमा आयोजना गरिएका महोत्वले जस धेरै बोकेको देखिन्छ । स्वर्गद्वारी प्यूठानमै पर्छ र भन्ने विषय जिल्ला बाहिरका मानिसहरुमा सकरात्मक सन्देश दिएको छ । पहिलो पटक आयोजना गरेको महोत्सवका कारण स्वर्गद्वारीमा सडक यातायातको पहुँच पुऱ्याउन सहयोग पुगेको संघको दाबि छ । त्यसैगरी २०६८ सालमा आयोजना गरीएको स्वर्गद्वारी प्यूठान धार्मिक महोत्सवका कारण भिंगृ जलुकेमा बहुउद्धेश्यीय धर्मशाला निर्माण भएको छ । यसैगरी खलंगा विजुवार जोड्ने बाटो निर्माणका लागि चेम्वर मार्ग नामाकरण गरी काम समेत सुरुवात भएको थियो ।*

*हाल गणतानित्रक खेल मैदानका रुपमा परिचित मैदान समेत महोत्सव लगाउनुको प्रतिफल हो । किनकि महोत्सव लगाउने ठाउँका अभावमा खेलमैदान निर्माणका लागि बजेट बिनियोजनका लागि दवाव स्वरुप यहाँ काम थालिएको हो । यहि नजिकै ज्येष्ठ नागरिक भवन निर्माण भएको छ । स्वर्गद्वारी प्यूठान दोस्रो महोत्सव २०७१ मा आयोजना हुँदा स्व.पूर्व प्रधानमन्त्री शुसिल कोइरालाले शिलान्यास गरेपश्चात यो भवन निर्माणका लागि काम थालिएको हो । २०७४ को तेस्रो महोत्सवबाट विजुवार गाँजुरीमा शहिद स्मृति पार्क निर्माण गरिएको छ । २०७६ सालमा सुविधा सम्पन्न वाणिज्य सहित औधोगिक प्रदर्शनी स्थल बनाउने उद्धेश्य अनुरुप महोत्सव आयोजना गरिएको थियो । सो बखत कोरोना कहरका कारण गतिविधि सञ्चालन गर्न नसकेपनि अहिले सो समेत र पाँचौ महोत्सवबाट संकलित बचत रकमबाट यो कामको सुरुवागत गर्ने संघले जनाएको छ । महोत्सव आयोजना हुँदा जिल्लाले फाइदा पाएकाले हरेक वर्ष आयोजना गरिने यस्ता महोत्सवबाट सकरात्मक सन्देश दिनुपर्छ ।*

## स्वास्थ्य शिविर संचालन हुने बारे जानकारी

यहि फागुन ४ गतेदेखि १० गतेसम्म गणतान्त्रिक खेल मैदान विजुवार प्यूठानमा हुन गइरहेको स्वर्गद्वारी प्यूठान पाँचौं महोत्सव २०७९ का अवसरमा महोत्सवको आयोजना, लुम्बिनी सिटी अस्पताल वुटवलको व्यवस्थापनमा विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविर संचालन हुने भएकाले सम्वन्धीत रोगीका विरामीहरुले महोत्सव स्थलमा गई निःशुल्क सेवा तथा परामर्श लिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

| क्र.सं. | विभाग | रोगको विवरण | मिति |
|---|---|---|---|
| १. | हाडजोर्नि तथा नशा रोग | ढाड दुख्ने, नशा झमझमाउने, जोर्नी दुख्ने, शरिर शिल्का हान्ने बाथ रोग सम्वन्धी | फागुन ४, ५ र ७ |
| २. | महिला तथा स्त्री रोग | नि सन्तान दम्पती, सेतो पानी बग्ने, महिनावारी समस्या, पाठेघर क्यान्सर, अन्य महिला सम्बन्धी | फागुन ४, ५ र ६ |
| ३. | जनरल मेडिसीन | सुगमर, प्रेसर, दम, छाती थाइराईड, मुटु, मृगौला कलेजो तथा पेट, रोग सम्वन्धी फागुन ४ देखि १० | |
| ४. | नशा तथा मानसिक रोग | डिप्रेशन, मुटु ढुकढुक हुने, मन आतिने, मृगि, आतमहत्याको प्रयास, कब्जियत आदी | फागुन ४ र ५ गते |
| ५. | स्तन क्यान्सर रोग तथा सर्जरी | स्तन क्यान्सर रोग सम्बन्धि जस्तै | फागुन ४ गते |
| ६. | नाक, कान, घाँटी रोग | नाकको एलर्जी, टन्सील, थाइराईड, माईग्रेन, पिनास, कान पाक्ने, कानको जाली फुटेको, कान नसुन्ने आदि | फागुन ७ गते |
| ७. | न्यूरो सर्जरीन्यूरो सर्जरी | मस्तीष्क, पक्षघात सम्बन्धी | फागुन ९ गते |

**स्वास्थ्य शिविर व्यवस्थापन समिति**
**स्वर्गद्वारी प्यूठान पाँचौ महोत्सव-२०७९**

झुलेनी पोष्ट
सम्पादकीय....

## सार्वजनिक बिदा घटाउ

*सार्वजनिक बिदा धेरै भएकाले घटाउनुपर्ने आम कुरा उठीरहेको समयम प्रधानमन्त्री पुष्पकमल दाहालले फागुन १ मा 'जनयुद्ध दिवस' को सार्वजनिक बिदा दिने निर्णय गरेपछि यसको चौतर्फी विरोध झन चर्कीएको छ। यस अघि पुस २७ मा 'पृथ्वी जयन्ती' मनाउन सार्वजनिक बिदा थपेको थियो। यसको पनि विरोध भएको थियो माओवादीले सशस्त्र विद्रोह सुरु गरेको दिन २०५२ फागुन १ को सम्झनामा हरेक वर्ष पार्टी स्तरमा 'जनयुद्ध दिवस' मनाउँदै आएको थियो।*

*माओवादी चौथो पटक सत्ताको नेतृत्वमा पुगेका बेला यसपालि 'जनयुद्ध दिवस' मा सार्वजनिक बिदा घोषणा गरिएको हो। आसन्न राष्ट्रपति निर्वाचनलाई लिएर आ-आफ्नो दाउ हेरिरहेका मुख्य राजनीतिक दलहरूले चर्को प्रतिक्रिया दिन नसक्ने स्थितिका बेला प्रधानमन्त्री दाहालले सार्वजनिक बिदाको निर्णय गरेका छन्। संघ सरकारले घोषणा गर्नुअघि माओवादीले नेतृत्व गरेका कर्णाली र वाग्मती प्रदेश सरकारले प्रदेश स्तरमा सार्वजनिक बिदाको निर्णय गरेका थिए।*

*सरकारले फागुन १ मा बिदा दिने निर्णय आकस्मिक रूपमा आइतबार गरेको भन्दै सत्ता गठबन्धनका दलहरूबाटै विरोध भएको छ। सत्ता घटक राष्ट्रिय प्रजातन्त्र पार्टीका मन्त्रीहरू बिदा दिने विषय मन्त्रिपरिषद् बैठकको कार्यसूचीमा रहेको जानकारी पाएपछि बैठकमा अनुपस्थित भएका थिए। मन्त्रिपरिषद्ले निर्णय गरेपछि दाहालको जिम्मेवारीमा रहेको गृह मन्त्रालय मार्फत बिदाको निर्णय सार्वजनिक गरिएको थियो। निर्णय सार्वजनिक भए लगत्तै सामाजिक सञ्जालमा विरोध सुरु भएको हो। राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले हिंसात्मक विद्रोह गरेको विषयलाई राष्ट्रिय उत्सवका रूपमा मनाउने ढंगले बिदा दिनु उचित नभएको भनेका छन्।*

*राप्रपाले वर्तमान सरकारमा सहभागिताका लागि पृथ्वी जयन्तीका दिन पुस २७ मा सार्वजनिक बिदा दिनुपर्ने प्रमुख सर्त अघि सारेको थियो। त्यसै अनुसार बिदा दिने निर्णय मन्त्रि परिषद्ले गरेको थियो। एमाले अध्यक्ष केपी शर्मा ओलीको प्रधान मन्त्रित्व कालमा २२ दिन सार्वजनिक बिदा कटौती गरिएको थियो। २०७५ चैतको मन्त्रिपरिषद् बैठकले पुरै बिदा भएका १० वटालाई आंशिक बनाएको थियो भने १२ वटा बिदा पूर्ण रूपमा कटौती गरेको थियो।*

# राजनीतिले गाँजेको सार्वजनिक शिक्षा



बाबुकाजी कार्की

चेतनास्तरलाई परिष्कृत गर्न शिक्षा अपरिहार्य छ। मानवको अन्तरनिहीत प्रतिभाको आविष्कार गरेर त्यसको रचनात्मक, सकारात्मक र सिर्जनात्मक काममा लगाउने खालको व्यावहारिक शिक्षा आजको आवश्यकता हो। शिक्षित र चेतनशील नागरिकमा राजनैतिक चेतना पनि उच्च हुनु स्वभाविकै हो। अहिले राजनीति शब्दलाई नेपालमा सकारात्मकभन्दा नकारात्मक किसिमले हेर्ने गरिन्छ। अनियमित, अस्वाभाविक, अनैतिक काम र घटनासँग जोडेर राजनीतिलाई परिभाषित गर्नेहरूको संख्यामा पनि कमी छैन। वास्तवमा स्वच्छ र निःस्वार्थ दूरदर्शी राजनीतिले देश र जनताको भाग्य र भविष्य सुनिश्चित गर्छ।

तर, हाम्रो हरेक क्षेत्रमा अस्वाभाविक राजनीतिक हस्तक्षेपले अस्तव्यस्तता ल्याएको छ। शिक्षामा विद्यालयस्तरीय होस् वा उच्च शिक्षा राजनीति व्याप्त छ। राजनीतिको कपटपूर्ण खेलको अभ्यास गर्ने थलोको रूपमा शिक्षण संस्था परिचित हुन थालेका छन्। टाठाबाठाको भुलभुलैयामा अधिकांश विद्यार्थीले आफ्नो लक्षित गुणस्तरीय शिक्षा हासिल गर्नुभन्दा विद्यार्थी र जनताको हकहितको नाममा गरिने विभिन्न रूपका आन्दोलनमा होमिएको पाइन्छ। कतिपयलाई आन्दोलनको मर्म र धर्म'दयगत छेउपुच्छर थाहा हुँदैन।

आन्दोलनको दुरगामी असरसमेत उनीहरूलाई जानकारी हुँदैन। उच्च शिक्षाका अधिकांश विद्यार्थीको यो हालत छ भने विद्यालयको के हाल होला? आजकल गुरुलाई कालोमोसो दल्ने, कुट्ने पिट्ने, थुन्ने जस्ता सांघातिक हमलाहरू पुरुषार्थ ठहर्छ। समाजमा यस्ता सामान्य घटना हुन थालेका छन्। जुन विद्यार्थी राजनीतिको विकृतरूपको पराकाष्ठ हो भन्दा अन्यथा नहोला। शिक्षक कर्मचारीलाई उनीहरूको पेसागत दक्षता र विवेकभन्दा पनि राजनीतिक आस्थाका आधारमा मूल्यांकन गरिनुका कारण बालबालिका गुणस्तरीय शिक्षा पाउनबाट विमुख भएका छन। विद्यालय वर्षको २२० दिन खुल्नुपर्ने प्रावधान भए पनि ९० दिन पढाइ भए ठूलो उपलब्धि भएको ठान्नु परेको छ। खुलोस पनि कसरी जबकि बन्द हडताल जुलुसको प्रमुख तारो विद्यालय हुने गरेको छ। पाठ्यक्रम पाठ्यपुस्तकले निर्धारण गरेको समयावधि पढाइ नभएको अवस्थामा हामीले कस्तो गुणस्तरीयताको अपेक्षा गर्न सकिएला? अतः देशको हरेक क्षेत्रमा राजनीतिको प्रत्यक्ष प्रभाव पर्ने भएकोले राजनीतिकर्मीलाई एक कुशल, सभ्य जिम्मेवार तथा ठूलो मान्छेभन्दा पनि असल नागरिक बन्नेतर्फ प्रेरित गर्ने खालको शिक्षाको खाँचो खट्किएको देखिन्छ। हरेक प्रशासनिक निकायमा राजनीतिक गिद्धेदृष्टि राखेर च्याँखे थाप्ने प्रवृत्ति हाबी भएको बग्रेल्ती उदाहरण छन्। समयको मागअनुसार शिक्षाको विकास र विस्तार गर्न शिक्षामा राजनीति केन्द्रित हुनुपर्दछ। व्यक्तिभन्दा विधिको, नेताभन्दा नीतिको, सिम्प्टमभन्दा सिस्टमलाई सम्वबेधन गर्ने खालको दृढ इच्छाशक्ति भएको राजनीतिकर्मी उत्पादन गर्ने शिक्षा आजको खाँचो हो।

तोकिएको आवश्यक सेवा सर्त पूरा नगरिकन शिक्षण संस्था किन खुल्दछन? शिक्षक, कर्मचारीको नियुक्ति, पदस्थापन, सरुवा आवश्यकता र चाहनाअनुसार विधिसम्मत भएका छन् त? अनुशासित शैक्षिक वातावरण कायम राख्न किन सकिएको छैन? यी र यस्तै खाले कतिपय प्रश्नहरू राजनीतितर्फ लक्षित हुन्छन। विद्यार्थी, शिक्षक कर्मचारीलाई आफ्नो योग्यता, क्षमताअनुसार दक्षता प्रर्दशन गरी विवेकपूर्ण निर्णयहरू लिनलाई राजनीतिले प्रभाव पारेको छ। आफैं नीति नियम बनाउने तर त्यही नीतिनियमलाई मिचेर काम गर्न विवश बनाउने प्रवृत्ति अपरिपक्व राजनीतिको हैन र?

अर्को अर्थमा भन्नुपर्दा पेसाकर्मीलाई प्रत्यक्ष, परोक्षरूपमानिहीत राजनीति उद्देश्पूर्तिका लागि कठपुतली बनाएको छ भन्दा वर्तमानमा असान्दर्भिक नहोला कि? तसर्थ, भाबीपिडीका राजनीतिलाई इमानदार बनाउन अहिलेदेखि नै शिक्षा दिनुपर्ने खाँचो टड्कारो देखिन्छ।

शिक्षण संस्था तोकिएको विधि र प्रक्रियाबाट निर्वाध रूपमा चल्न पाउनुपर्दछ। शिक्षण संस्थामा अनुशासित विद्यार्थी, लगनशील शिक्षक, र सचेत अभिभावकको खाँचो पर्दछ। व्यावहारिक र कडा आचारसहिंताको व्यवस्था कार्यान्वयन गरिनुपर्दछ। राजनीतिकर्मीले आफ्नो अधिकार र कर्तव्यको अज्ञानताले शिक्षामा राजनीति गरेको हो भने उनीहरूको भूमिका के हुनुपर्दछ भन्ने'दयगत शिक्षा प्रदान गरिनुपर्छ। जसबाट शिक्षामा हस्तक्षेपको राजनीति गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न टेवा पुग्दछ। जानी जानी शिक्षामा राजनीति गरेर शैक्षिक वातावरण खलबल्याने कुत्सित नियत भएका जोकोहीलाई अनुशासनको दायरामा ल्याउने तथा सार्वजनिक बहिष्कारसमेत गर्ने नीति अवलम्बन गरिनुपर्छ। संवृद्ध नयाँ नेपाल बनाउन दक्ष जनशक्तिको खाँचो पर्दछ। दक्ष जनशक्ति उत्पादन गर्न साधनस्रोत सम्पन्न व्यवस्थित शिक्षा हुनुपर्दछ। विद्यार्थीको प्रतिभालाई अधिकतम उत्खनन गरेर उनीहरूको ऊर्जाशील क्षमतालाई सामाजिक रूपान्तरणमा खर्चेर देश विकास गर्न राजनीतिले निर्णायक भूमिका खेल्दछ। भनिन्छ बाली लगाउन ६ महिना, फलफूल फलाउन १० वर्ष र मानिस बनाउन सय वर्षको योजना चाहिन्छ। राजनीतिले शिक्षा नीति बनाउने भएकाले देशलाई विश्वसामु एक सफल राष्ट्र बनाउन राजनीतिकर्मीको अहम् भूमिका रहन्छ।

राजनीतिमा आउने विकृति र विसंगतिलाई न्यूनीकरण गर्न समेत शिक्षाको अतुलनीय योगदान रहन्छ। त्यसकारण राजनीतिकर्मीले क्षणिक लाभ र स्वार्थलाई भन्दा दूरदृष्टि राखेर दीगो राजनीतिका निम्ति प्रतिस्पर्धी र प्रतिष्ठित देशका रूपमा उभ्याउन शिक्षामा अशोभनीय राजनीति गर्न तत्काल त्याग्नुपर्छ। सबै राजनीतिक दलले शिक्षण संस्थालाई मर्यादित एवं स्वच्छ वातावरणमा चल्न दिन व्यवहारमा समेत उतार्ने खालको संकल्प गरेमा निश्चय नै नेपाललाई गुणस्तरीय शिक्षा हासिल गर्ने उत्कृष्ट थलोका रूपमा स्थापित गर्न सकिन्छ। तसर्थ, शिक्षामा राजनीति कि राजनीतिमा शिक्षा भन्ने विषय हरेक राजनीतिक दलले गहन बहस गर्ने बेला आएको छ। शिक्षण संस्थामा कार्यरत शिक्षकदेखि उच्च पदाधिकारीले विद्यार्थीको पठनपाठनलाई केन्द्रमा राखेर नीतिनियम, योजना निर्माण र कार्यान्वयन गरिनुपर्दछ। उनीहरूको कार्य दक्षताको मूल्यांकन विद्यार्थीले हासिल गरेको उपलब्धिस्तर र प्रतिस्पर्धी श्रम बजारमा खपतका आधारमा दाँजेर हेरिनुपर्दछ। राजधानी दैनिबाट साभार

**डिभिजन वन कार्यालय, प्यूठानको अनुरोध**

देहाय बमोजिमका कार्य गर्न, गराउन दण्डनिय हुन्छ।

**वन फाँड्ने, वन क्षेत्रमा खनजोत गर्ने, खनिज उत्खनन् गर्ने, पूर्वाधार तथा घर टहरा बनाउने, व्यवसाय सञ्चालन गर्ने, विना इजाजत राष्ट्रिय वन, निजी वन तथा निजी आवादी समेतका वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने सबै कार्य अपराध हुन्। यस्ता कार्य गरेमा वन ऐन, २०७६ बमोजिम कैद वा दश लाख रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था रहेको छ।**

त्यसैले उक्त निषेधित कार्यहरु नगर्न नगराउनुहुन सबैमा अनुरोध गरिन्छ।

**अनुरोधक : डिभिजन वन कार्यालय खलङ्गा प्यूठान**

# जनयुद्ध : उत्सव थियो कि आतङ्क



बढुवाल कपिल सिजापति

०५२ सालको १ फागुनबाट नेपाली इतिहासमा जनताको सबैभन्दा ठूलो संघर्ष 'जनयुद्ध' सुरु भएको थियो । सो संघर्ष देखिने गरी पूरा दश वर्ष चल्यो । तर, त्यसपछि पनि जनयुद्धकै जगमा १९ दिने जनआन्दोलन भयो । मधेस आन्दोलन र थारू आन्दोलनहरू भए । विभिन्न अधिकार र पहिचानका आन्दोलन आजपर्यन्त जारी छन । यस अवधिमा सत्र हजार मान्छेको ज्यान गयो । हजारौँ बेपत्ता पारिए । दसौँ हजार घाइते भए । कैयौँ संरचना ध्वस्त भए। ठूलो बबन्डर मच्चियो । यही पेरिफेरीबीच जनयुद्धबारे विभिन्न कोणबाट बहस हुने गरेको छ । वास्तवमा जनयुद्ध के थियो त ?

**जनयुद्ध उत्सव थियो**

०५२ सालसम्मको समाज आजको अवस्थामा थिएन । निरंकुश राजतन्त्रात्मक सामन्ती व्यवस्थाले बहुसंख्यक जनता चरम उत्पीडनमा थिए। नागरिकलाई सामान्य हकसमेत दिइएको थिएन । उनीहरूमाथि कठोर परिश्रम, गरिबी, रोगव्याधि, बेरोजगारी, अन्धकार र अशिक्षाजस्ता दुर्दशा मात्रै लादिएका थिए। त्यसअघि ०४७ सालमा बहुदलीय व्यवस्थाअन्तर्गत जनताको प्रतिनिधित्व गर्न राज्य व्यवस्थामा दलहरू आएका थिए । तर, ती राजनीतिक दलहरूले सत्तास्वार्थको सिनाझप्टीबाट बाहिर निस्केर जनताको प्रतिनिधित्व गर्न सकिरहेका थिएनन् । उल्टो दलहरू पनि राजासँगै जनताको शोषण र दमनमा सहभागी थिए । अभाव बढिरहेकै थियो ।

दलित, महिला, जनजाति, मधेसी, मुस्लिम, गैरहिन्दू र पिछडिएको क्षेत्र संकटको भुमरीमा थिए । विकृति, व्यभिचार र अन्धविश्वासबाट सिर्जित समस्याले मानवजीवन पशुतूल्य थियो । जनतालाई राज्यका तर्फबाट कुनै सुविधा थिएन, कुनै विकास थिएन । केवल असीमित अत्याचार थियो, शोषण र दमन थियो । त्यसवेला वास्तवमा सर्वसाधारण जनता अन्धकारमा निसास्सिएका थिए। त्यही स्थितिबीच जनयुद्ध सुरु भयो । त्यतिन्जेल सर्वसाधारण जनता, सोझासीधा गरिब, मजदुर, किसान, उत्पीडित भूगोल र सम्प्रदायका मानिस शासकीय अत्याचारको जाँतोमा पिलिसरहेको अवस्था थियो । अब उनीहरू जनयुद्धमा लामबद्ध भए । विचार, सिद्धान्त, हतियार र तालिमले सशस्त्र भएर अधिकारको खोजीमा निस्के । राजा र राजनीतिक दलको आडभरोसामा आफूमाथि हैकम चलाइरहेका फटाहालाई गाउँगाउँबाट लखेटे । राजतन्त्रको निरंकुश सिकन्जा तोडे । आफूमाथिको शोषण फाले । उत्पीडन फाले । मुक्त भए । आफ्नै जनवादी सरकार चलाए । न्यायालय चलाए। न्याय, अधिकार र सम्मानको उपभोग गरे।

त्यसैले पिलिसएका बहुसंख्यक जनताका लागि जनयुद्ध उत्सव थियो । त्यसले जनतालाई मुक्त मात्रै गरेन, उनीहरूलाई बन्धक बनाइरहेको राजतन्त्रात्मक व्यवस्था नै ध्वस्त पारिदियो । जनताको गणतन्त्रात्मक व्यवस्थाको बीजारोपण गरिदियो । एक भाषा, एक भेष, एक देश, एक नरेशको ठाउँमा जनताको समानुपातिक प्रतिनिधित्वसहित संघीयता, धर्मनिरपेक्षता र बहुपहिचानलाई सशक्त रूपले स्थापित गरिदियो ।

**जनयुद्ध आतंक पनि थियो**

जसैजसै जनयुद्ध सुरु भयो, समाजबाट जनविरोधीहरूको उठिबास लाग्न थाल्यो। जनयुद्धपूर्व जनता जुन स्तरको दोहनमा थिए, शासकहरू त्यही स्तरको अमनचैनमा थिए। जनयुद्धको लहरले जनताको दोहनसँगै शासकको अमनचैन पनि खोसियो, कतै खोसिने डर पैदा भयो । अनि जनविरोधी शासकहरू आतंकित बन्न पुगे । जनयुद्ध जरुर आतंक हो, यो लुकेको वा लुकाइनुपर्ने कुरा होइन । जनताको करबाट जनतालाई सेवासुविधा दिनुपर्ने ठाउँमा बन्दुक किनिए। हेलिकोप्टर किनिए । देशमा संकटकाल थोपरियो । जनताविरुद्ध सेना परिचालन भए । जनताको नेतृत्वको टाउकाको मोल तोकियो । जनयुद्धबाट कोही आतंकित नभई यो सब भएको थिएन। विकट गाउँबस्तीका जालीझेली र फटाहाहरू मात्र होइन, जनयुद्धले काठमाडौंकै निरंकुश राजाको पनि उठिबास लाग्यो । राजाको पाउ मोलेर राज्य व्यवस्थामा सयर गरिरहेका कांग्रेस, एमालेलगायत दल जनयुद्धकै बलमा राजतन्त्र छाडेर गणतन्त्र स्विकार्न बाध्य भए। यसर्थ, समाजका जाली-फटाहा, देशका राजा-रजौटा र दरबारको जुठोपिरो खान पाइरहेका कांग्रेस-एमालेलगायत दलका लागि जनयुद्ध भयानक ठूलो आतंक थियो । अमेरिकाले त झन जनयुद्धको नेतृत्वदायी पार्टी माओवादीलाई शान्ति प्रक्रियाको धेरैपछि मात्र आतंककारीको सूचीबाट हटाएको हो।

**वस्तुतः जनयुद्ध स्वाभाविक थियो**

आज पनि धेरैजसो मान्छेलाई लाग्छ, माओवादीका दुई-तीनजना शीर्ष नेताले नचाहेको भए जनयुद्ध हुने थिएन । मानौँ, समग्र जनयुद्ध नै नेताहरूको सनक थियो । यसै विचारलाई टेवा पुऱ्याउने गरी जनयुद्धविरोधी वर्ग पनि जनयुद्धलाई केवल माओवादी आतंक करार गर्न खोजिरहेछ । हुन त सारा देश नै एकजना राजाले आर्जेको मान्यता घोकाइएका मस्तिष्कहरू त्यसका लागि विवश पनि होलान् । तर, जनयुद्ध इतिहासको वस्तुगत आवश्यकताले उत्पन्न परिघटना हो ।

प्रकृतिको आफ्नै नियम छ, जनभावनाको उचित निकास र सही व्यवस्थापनविना गरिने दमन घातक रूपमा विस्फोट हुन्छ । जनयुद्ध मूलतः त्यस्तै विस्फोट थियो । खासमा जसले सर्वोच्च जिम्मेवारीमा रहेर जनतामाथि केवल अभाव र उत्पीडन लादे, जसले निजी वैभवका लागि जनतामाथि दमन र लुट मच्चाए, वास्तवमा जनयुद्धको अवस्था तिनले निम्त्याएका हुन् । माओवादीले त त्यसको सञ्चालन मात्रै गरेको हो ।

जनयुद्ध जनताको विशाल शक्तिले लड्यो । बलिदान जनताकै भयो । जनयुद्धलाई भरपूर सहयोग गर्ने पनि जनता नै थिए । जनता जनयुद्धमा त्यसै सहभागी भएका थिएनन् । उनीहरू राज्यको नियोजित अत्याचारबाट आजित थिए । अनि प्रकृतिप्रदत्त आफ्नो सचेतनाले त्यसलाई त्याग्न तम्तयार थिए । जनयुद्ध त्यसैको समुचित प्रतिक्रिया थियो । अतः जनयुद्ध स्वयं जनताको थियो । जनताले जरुर जनयुद्धका लागि आफ्नो नेतृत्व खडा गरेका थिए, त्यो पनि अन्त कतैबाट होइन, आफ्नै बीचबाट । जनयुद्ध पूरा जनताको त्याग, बलिदान र लगानीमा चलेको जनताको वस्तुगत माग थियो । इतिहासको अनिवार्य आवश्यकता थियो । अन्त्यमा, जनयुद्धका मूल कारणहरूको सम्बोधन अझै हुन सकिरहेको छैन । जनताको संकट यथावत छ । शासकको रबैया यथावत छ । यसको बदलावका लागि सबैको ध्यान जान आवश्यक थियो। तर, आवश्यकताविपरीत कोही जनयुद्धको बलिदान बेचेर फाइदा उठाउनेतिर तल्लीन छन । कोही जनयुद्धलाई अपराधीकरण गर्न तम्सेका छन् । जनयुद्धका कारणतिर कसैले ध्यान दिएको पाइँदैन ।

जनयुद्ध दिवस साक्षी छ, जनचाहना र आवश्यकताको सम्बोधन राज्यको पहिलो प्राथमिकता बन्नुपर्छ । अन्यथा, जनभावनामाथिको उपेक्षा र खेलबाडले १ फागुनको विस्फोट अनिवार्य बन्छ । अतः यो जनयुद्ध दिवसबाट जनयुद्धका कारणको समीक्षा जरुर गरियोस्। अनि अनुभवी चेतना, विज्ञान र प्रविधिले तिनको सही व्यवस्थापनमा ध्यान दिइयोस्। ताकि समाजले अब कहिल्यै विस्फोटको रूप लिनु नपरोस्।

**धुम्रपान नगरौ, स्वस्थ जीवन बाँचौ ।**

धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ । आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं। कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं। धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं । धुम्रपानले तपाई र परिवार सबैलाई असर पुर्याउँछ । त्यसैले धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

**स्वास्थ्य कार्यालय, प्यूठान**

**गाउँपालिकाबासीलाई अनुरोध**

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

**अनुरोधक**

**सरूमारानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बड्डाँडा प्यूठान, लुम्विनी प्रदेश

**के तपाई घर बनाउँदै हुनुहुन्छ? आफ्नो घर अरूको भन्दा फरक र आकर्षक बनाउने चाहाना राख्नु भएको छ ?**

**त्यसो हो भने हामीलाई सम्झनुहोस् । अब प्यूठानमा पहिलो पटक आकर्षक तथा उत्कृष्ट कोरियन यू.पि.भि.सि. प्रविधिका गुणस्तरिय झ्याल, पार्टेसन र ढोकाहरू हामीले लिएर आएका छौं ।**





**साथै घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्री आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।**

**प्रो. प्रभात के.सी. (९८५७८३३९८१/९८४७८२१९८०)**

**एसियन यू.पि.भि.सि. एण्ड सप्लायर्स**
**प्यूठान नगरपालिका ४ जुम्री बजार प्यूठान**

# महोत्सवले आर्थिक समृद्धिमा सहयोग पुग्नेछ

*लुम्बिनी, स्वर्गद्वारी जस्ता अद्धितिय ऐतिहासिक र पर्यटकीय सम्पदा सहितको प्राकृतिक विविधताले भरिपूर्ण यस लुम्विनी प्रदेशमा थुप्रै सम्भावनाहरु रहेका छन् । यी सम्भावनाहरुलाई चिनाउने प्रयास स्वरुप यस प्रदेशको औद्योगिक, पर्यटकीय, कृषिजन्य एवं विविध सांस्कृतिक तथा धार्मिक धरोहरहरुको प्रबर्द्धन एवं प्रचार प्रसारका माध्यमबाट साना ठूला लगानीकर्ताहरु भित्राउने, ऊर्जा उत्पादनमा जोड दिने, पर्यटन प्रवर्द्धन गर्ने, कृषिजन्य उद्योग स्थापनाका लागि वातावरण निर्माण गर्ने र लगानीकर्ताहरुलाई प्रोत्साहन गर्ने उद्धेश्य सहित प्यूठान उद्योग बाणिज्य संघले २०६५ सालदेखि स्वर्गद्वारी प्यूठान महोत्सव संचालन गर्दै आइरहेको छ ।*

*यस वर्ष यहि फागुन ४ गतेदेखि १४ गतेसम्म गणतान्त्रिक खेलमैदान विजुवार प्यूठानमा लुम्बिनी प्रदेश स्तरीय कृषि, पर्यटन, ऊर्जा तथा औद्योगिक व्यापार मेला स्वर्गद्वारी प्यूठान पाँचौं महोत्सव २०७९ संचालन हुँदैछ । यसै विषयमा रहेर पत्रकार सुशील पोखरेलले महोत्सव मुल आयोजक समितिका संयोजक एवं प्यूठान उद्योग बाणिज्य संघका अध्यक्ष पशुपती नारायण नकर्मीसँग कुराकानी गर्नुभएको छ । प्रस्तुत छ, कुराकानीको सारांश :*

लामो समयको अन्तरालमा हुन लागेको महोत्सवलाई स्थानीयले निक्कै उत्साहका साथ लिएको हामीले महसुस गरेको छौं। यसलाई मध्यनगर गर्दै महोत्सवबाट राम्रो सिकाई दर्शकहरुले पाउनु पर्छ भन्ने हाम्रो पनि धारणा हो ।



निमनारायण नकर्मि

**महोत्सवको अन्तिम तयारी तथा व्यवस्थापन कसरी भइरहेको छ ?**

माघ ४ गते जुम्रि प्यूठानमा सर्वपक्षिय भेला गरी महोत्सव संचालन सन्दर्भमा सल्लाह सुझाव लिने काम भयो। भेलाले मुख्य आयोजक प्यूठान उद्योग बाणिज्य संघ भएकाले मेरो नेतृत्वमा मूल आयोजक समिति गठन गरेको छ। राजनीतिक दल तथा माननीय सांसद ज्यूहरुको नेतृत्वमा सल्लाहकार समिति, जिल्ला समन्वय समिति, नगर तथा गा.पा. प्रमुख, प्रमुख जिल्ला अधिकारी र प्रहरी नायव उपरिक्षक ज्यू सम्मिलित संरक्षक समिति गठन गरिएको छ । माघ ५ गते भएको मुख्य आयोजक प्यूठान उद्योग बाणिज्यको कार्यसमितिको पूर्ण बैठकले महोत्सव तयारी सम्वन्धी विभिन्न विधागत २० वटा उपसमितिहरु गठन गरी जिम्मेवारी प्रदान गरेको छ ।

सबै समितिका बैठकहरु बसी आवश्यक तयारी थालिएको छ । प्रचार प्रसारको काम तिब्र रुपमा भैरहेको छ । विज्ञापन, प्रायोजकहरु खोजि कार्य भैरहेको छ । धेरै भन्दा धेरै स्थानीय उत्पादनलाई महोत्सवमा ल्याउनका लागि सम्वन्धीत निकायसँग समन्वय भैरहेको छ । महोत्सव स्थलमा अस्थायी पूर्वाधार निर्माणको काम भैरहेको छ । महोत्सव स्थल नजिकै सचिवालय स्थापना गरी महोत्सव तयारी सम्वन्धी कामहरु भैरहेका छन् ।

**महोत्सवको खासै उत्साह आउन नसकेको देखिन्छ नी ?**

पक्कै पनि महत्वपूर्ण प्रश्न उठाउनुभयो, विगतका वर्षहरुमा जस्तो उत्साह नदेखिएको पक्कै हो । यस वर्ष टडकभडकलाई कमि गरेका छौं । सूचना प्रवाहलाई व्यवस्थित बनाउने प्रयास गरिएको छ । वर्तमान अर्थतन्त्रको अवस्था बारे सबै जानकार नै छौं । यस सम्वन्धमा नेपाल सरकारले ठोस योजना ल्याउनु जरुरी नै छ। तरल अर्थतन्त्रको प्रत्यक्ष मारमा नीजि क्षेत्र नै छ। तथापी अर्थतन्त्रलाई चलायमान बनाउनका लागि नीति क्षेत्र सहकार्य गर्न तयार छ भन्ने देशभर संचालन भैरहेका मेला महोत्सवले पनि पुष्टि गर्दछ । जिल्लाको हकमा महोत्सव बारेमा गाउँगाउँमा स्थानीयहरु निक्कै उत्साहित हुनुहन्छ । स्थानीय कृषक, उद्यमीहरुलाई महोत्सवमा समेट्न गरिएको अधिकतम प्रयासले उहाँहरुमा उत्साह छ । कोरोनाको कारण जिल्लामा आर्थिक चलायमान हुन नसकेको अवस्थामा महोत्सवले थोरै भएपनि टेवा पुग्ने अपेक्षा गरेका छौं ।

**यो महोत्सवको मूल उद्धेश्य के हो ?**

मुलभुत रुपमा झ्वाट्ट हेर्दा विक्रेता र क्रेताको जमघट, बाल उद्यानमा रमाइलो र कलाकाहरुको सांङ्गितिक प्रस्तुतीहरु महोत्सवमा देखिन्छ । यस बाहेक महोत्सवले जिल्लाको दिर्घकालिन विकासमा प्रभाव पारेको बारे हामीले सुक्ष्म रुपमा बुझ्न जरुरी छ भन्ने लाग्छ। विगतका महोत्सवहरुले उठान गरेका विषयहरुले जिल्लाको समग्र विकासमा प्रभाव पारेको तपाई हामीले प्रत्यक्ष अनुभव गर्न सक्छौं । उदाहरणको लागि स्वर्गद्वारी पुग्ने सडकको ट्र्याक खोल्ने काम, विजुवार-खलंगा चेम्वर मार्ग बनाउने कुरा, जेष्ठ नागरिक भवन बन्ने विषय, स्वर्गद्वारी बहुउद्देश्यीय धर्मशाला निर्माण, खेल मैदानलाई विकास गर्ने कुरा, सहिद पार्क निर्माण गर्ने विषय महोत्सवका उपलब्धीको रुपमा लिन सकिन्छ। दोहोरी, नृत्य, गायन, कविता जस्ता विधाहरुमा प्रतिभाहरुलाई महोत्सवले उजागर गर्ने गरेको छ।

त्यसै अनुसार यस पटक पनि महोत्सवलाई महोत्सवमा हुने नियमित गतिविधिसँगै थप उद्देश्य र विकासका एजेण्डाहरुलाई उठान गरिएको छ । नृत्य प्रतिभाका लागि प्यूठानका नौ वटै स्थानीय तह सम्म पुगेर नृत्य प्रतिभाहरुको खोजि भैरहेको छ । महोत्सव स्थलमै विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविर संचालन गर्न लागिएको छ। ७० वर्ष माथिका जेष्ठ नागरिकहरुको सम्मानका लागि निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको छ । स्थानीय श्रोतमा आधारित उत्पादनहरुलाई बजारसँग जोड्ने र प्यूठानको पहिचानसँग जोड्ने प्रयास गरिएको छ । स्वर्गद्वारीलाई केन्द्रमा राखेर जिल्ला पर्यटकीय गन्तव्य र सम्भावनाहरुको खोजि गर्ने र यसलाई लुम्बिनी प्रदेशका लुम्बिनी, गुल्मी रिडि, अर्घाखाँची सुपादेउराली, गुल्मी रेसुङ्गा, दाङ बाह्रकुने दह लगायतका प्रदेश भित्रका पर्यटकीय गन्तव्यहरुलाई पर्यटकीय सर्किटको रुपमा विकास गर्नुपर्दछ।

**आर्थिक कारोवार र दर्शकको उपस्थितिका बारेमा महोत्सवको लक्ष्य के रहेको छ ?**

लामो समयको अन्तरालमा हुन लागेको महोत्सवलाई स्थानीयले निक्कै उत्साहका साथ लिएको हामीले महसुस गरेको छौं । यसलाई मध्यनगर गर्दै महोत्सवबाट राम्रो सिकाई दर्शकहरुले पाउनु पर्छ भन्ने हाम्रो पनि धारणा हो। यस पटक एक लाखले महोत्सव अवलोकन गर्ने हामीले विश्वास लिएका छौं । महोत्सवकै कारण जिल्लाभरमा करिव ८ करोडको आर्थिक चलायमान हुने हाम्रो अपेक्षा छ।

**महोत्सवका मूल आकर्षण के हुन् ?**

ख्याति प्राप्त राष्ट्रिय तथा स्थानिय कलाकारहरुद्वारा दैनिक राष्ट्रभक्ति, चेतनामुलक, तथा मनोरन्जनात्मक लगायत विविध विधामा सांस्कृतिक प्रतिभा प्रदर्शनी, पर्यटकीय तथा धार्मिक स्थलहरुको प्रदर्शन, स्थानीय कला संस्कृतिको प्रर्दशनी, ऐतिहासिक तथा परम्परागत सामग्रीको प्रदर्शनी, स्थानीय मौलिक खानाको चमेना गृह, जिल्लाको संस्कृति झल्काउने विविध झाँकि सहित ऐतिहासिक प्यूठानी सराँय नाँच प्रदर्शनी, यस क्षेत्रमा उत्पादित कृषि उपज, घरेलु, हस्तकला तथा लघु उद्यमका उत्पादनहरुको प्रदर्शनी, विभिन्न आकर्षक खेल सहित वाल उद्यान, प्यूठान डान्स आईडल प्रतियोगिता, दोहोरी गीत प्रतियोगिता, महोत्सव डिजिटललाईजेसन जस्ता विषय महोत्सवका आकर्षणहरु हुन्।

**महोत्सवबाट जिल्लाको पैसा बाहिरिने र सांस्कृतिक कार्यक्रमको नाममा भद्दा विकृत पक्ष भित्रिएको बुझाई छ नी ?**

हरेक विषयमा सकारात्मक र नकारात्मक दुवै पक्ष हुन्छन् नै । सबै सत प्रतिशत सहि छ भन्ने मलाई लाग्दैन । तर, गम्भिर विषय के हो भने हामी सकारात्मक विषयलाई कति ग्रहण गर्ने र नकारात्मक विषयलाई कति निरुत्साहित गर्ने भन्ने तपाई हामी सवैले मनन् गर्ने विषय हुन् । हो, यस्ता मेला महोत्सवबाट जिल्लाले के आम्दानी गर्ने, जिल्लाका उत्पादनले बजार कसरी पाउने, जिल्लाको कुन उत्पादन बाहिर पठाउन सक्ने, यहाँको उत्पादनले जिल्लाको पहिचानलाई टेवा पुग्ने विषय के हो ? जस्ता विषयहरु हाम्रा मुलभुत एजेण्डा बन्नुपर्छ । यो विषय अहिले नै हुन्छ, आज नै हुन्छ वा भोलि नै हुन्छ भन्ने होइन, यो निरन्तरताको उत्पादनलाई कसरी अगाडी बढाएका छौं भन्ने हो । जुन विषय हामीसँग छैनन् त्यस विषयमा पैसा बाहिर जान्छ भन्ने कुरा सत्य हो । त्यसलाई पनि कम गर्दै हामीले के पठाउन सक्छौं, आउनुहोस् खुला छलफल गरौं त्यस प्रवर्द्धनका लागि महोत्सव सदैव सकारात्मक छ । अर्को विषय सांस्कृतिक कार्यक्रमको नाममा जुन भद्दा विकृत भन्ने विषय उठाउनु भएको छ । यस प्रति हामि गम्भिर छौं । अधिकतम सच्चाउने प्रयत्न हाम्रो हुने नै छ ।

**विगतका महोत्सवहरुबाट के के सिकाई भयो भन्ने लाग्छ र जिल्लावासीले अपनत्व ग्रहण गर्न के कुरामा जोड दिइएको छ ?**

मैले अघि पनि उल्लेख गरे, महोत्सव एउटा रमाईलो मेलासँगै जिल्लाको विकासमा एजेण्डा स्थापित गर्न सफल भएका छौं भन्ने लाग्छ । म आदरणिय जनप्रतिनिधि ज्यूहरु र राजनीतिक दलका नेताहरुलाई स-सम्मान सम्झन चाहन्छु । जिल्लाका विकासको मुद्धामा एक ठाँऊ उभ्याउने एउटा संयन्त्रको रुपमा महोत्सव स्थापित भएको छ भन्ने लाग्छ । उहाँहरुले त्यस अनुरुपको सहयोग, सुझाव दिने पनि गर्नु भएको छ। यस पटक हामी कोइलावास-भालुवाङ-भिमगिठे-मुक्तिनाथ हुँदै लोमाङथाङ जोड्ने छिटो होस् भन्ने चाहन्छौं । नौमुरे बहुउद्देश्यीय जलविद्युत आयोजनाको निर्माण प्रक्रिया कार्यान्वयन चरणमा शुरु होस् भन्ने चाहन्छु। स्वर्गद्धारीलाई केन्द्रमा राखेर यहाँको पर्यटकीय विकास केवुलकार, विमानस्थल जस्ता पूर्वाधार विकास होस् भन्ने चाहन्छौं। यी योजनाहरु नेपाल सरकारका योजनाहरु हुन् । यससलाई छिटो सुरुवात गर्ने, यसमा नीजि क्षेत्र सहित जिल्लावासीहरुको सहभागीता गराउने हाम्रा साझा एजेण्डा हुन्।

**अन्त्यमा केहि भन्नु पर्ने छ क की ?**

महोत्सवबाट संकलन भई वचत हुन भएको रकमबाट प्यूठान बाणिज्य हल र प्रदर्शनी स्थल नेपाल सरकारको सहकार्यमा अगाडी बढाईनेछ । यस कार्यका लागि स्थानीय तह, प्रदेश सरकार र प्रतिनिधि सभाका जनप्रतिनिधि ज्यूहरु, राजनीतिक दलका नेता ज्यूहरुमा अनुरोध गर्दछु । साथै सवै सञ्चार माध्यम र सञ्चारर्मीहरुलाई महोत्सवको प्रचारसँगै विकास निर्माणमा सधैव कलम चलाउन आव्हान गर्दछु। सम्पूर्ण जिल्लावासी एवं छिमेकी जिल्लाहरुलाई महोत्सव अवलोकन गरी यसलाई उपलब्धीपूर्ण बनाउन महत्वपूर्ण सकरात्मक र रचनात्मक भूमिकाको सहयोगको अपेक्षा गर्दछु ।

*हाम्रो एकता साप्ताहिकका लागि शुसिल*


## नगरपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

अनुरोधक :
प्यूठान नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान

# डान्स आइडलमा १२२ जना प्रतियोगी छनौट

झुलेनी पोष्ट
प्यूठान



प्यूठान। स्वर्गद्वारी प्यूठान पाँचौं महोत्सव-२०७९, को अवसरमा आयोजना गरिएको प्यूठान डान्स आइडलमा १ सय २२ जना प्रतियोगिता छनौट भएका छन् । महोत्सव प्रचारका लागि मुख्य आकर्षणको रूपमा हेरिएको डान्स आइडल अन्तर्गत जिल्लाका ९ वटै स्थानीय तहमा प्रतियोगिता आयोजना गरी प्रतियोगि छनौट गरिएको हो। पहिलो चरणको अडिनसनबाट छानिएका प्रतियोगिताहरुले फागुन २ र ३ गते हुने दोस्रो तथा तेस्रो राउण्डमा छानिने उत्कृष्ठ ३० जना प्रतियोगिले महोत्सव अवधिभर आयोजना हुने प्रतिषर्धामा भाग लिन पाउनेछन् ।

'जिल्ला भित्रका रहेका प्रतिभा छानेर ल्याएका छौं।' संयोजक प्यार अलि खानले भने, 'अब उत्कृष्ठ छान्दै आइडल निकाल्ने हो।' जिल्लाका गाउँपालिका स्तरमा कार्यक्रमको आयोजना गरि अडिसनबाट नयाँ प्रतिभा खोजिको पहल थालिएको हो। यसले नवप्रतिभाहरुको प्रतिभा पहिचान हुने अपेक्षा छ । आइडल उपाधी जित्नेले ५५ हजार ५ सय ५५ रुपैयाँ नगद सहित ट्रफि प्रमाण पत्र पाउने छ । दोस्रो हुनेले ३३ हजार ३ सय ३३ रुपैयाँ र तेस्रो हुनेले २२ हजार २ सय २२ रुपैयाँ, ट्रफी प्रमाण पत्र पाउनेछन्। प्रतियोगीको मूल्याङ्कन नृत्य निर्देशक सुशीला नेपाली तथा राजबाबु नेपालीले गर्दै आएका छन् । निर्णायकको मूल्याङ्कन तथा महोत्सवमा मेला भर्न जाने दर्शकको भोटका आधारमा विजेता घोषणा गरिने आइडल व्यवस्थापन समितिले जानकारी दिएको छ ।

स्वर्गद्वारी प्यूठान पाँचौं महोत्सव यहि फागुन ४ गतेदेखि १४ गतेसम्म गणतान्त्रिक खेल

## छोटकरी

# स्वर्गीय बसन्त सामतको परिवारलाई नेपाली हर्ट ग्रुपद्वारा सहयोग



प्युठान । झिमरुक गाउँपालिका-३, का स्वर्गीय बसन्त सामतको परिवारलाई सहयोग जुटने काम निरन्तर चलिरहेको छ। नेपाली हर्ट ग्रुपका अध्यक्ष डिल्लीराज पराजुलिको नेतृत्वमा संकलन गरिएको करिब ५० हजारको सामग्री घरमै पुगेर हस्तान्तरण गरिएको छ। पराजुलीका अनुसार खाद्यान्न, स्टेशनरी र शैक्षिक सामग्रि वितरण गरिएको हो । घरमुली बसन्तको असामयिक स्वर्गारोहण भएपछि झिमरुक गाउँपालिका उपाध्यक्ष प्रमोद पोख्रेलको अगुवाइमा उनको कान्छो छोरा धन बहादुर सामतको नाममा सिटिजन बैंकमा खाता खोलिएको छ।

खातामा देश तथा विदेशमा रहने नेपालीहरुले करिव १ लाख ७५ हजार रुपैया जम्मा गरेको उपाध्यक्ष पोखरेलले जानकारि दिए। सामतको माघ १ गते गौमुखि मेला हेर्न जाने क्रममा भिरबाट लडेर घाइते भई उपचारका क्रममा ज्यान गएको थियो।

# एक महिनाको पारिश्रमिक विद्यालयलाई दिन्छु : सांसद थापा

झुलेनी पोष्ट
प्यूठान



प्रतिनिधि सभा सदस्य सांसद सुर्य थापाले आफ्नो पहिलो एक महिनाको तलब विद्यालयको भौतिक संरचना व्यवस्थापनको लागि सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् । मल्लरानी गाउँपालिका २ चुँजाको अमर मा.वि को स्वर्ण महोत्सव २०७९ को दुई दिने महोत्सवको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै थापाले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् । विद्यालयको आर्थिक, भौतिक, शैक्षिक, सामाजिक पक्षको बिकास गर्नमा आफु सधै लागि पर्ने बताए । साथै उनले आफु जस्तो सुकै परिस्थितिमा भए पनि संसदमा रहेसम्म विद्यालयको लागि सक्दो सहयोग गर्ने र आफु यहि नजिकैको स्थानीय भएको कारणले पनि सहयोग गर्न आवश्यक रहेको बताए ।

त्यस्तै जिल्ला समन्वय समिति प्रमुख धरम बहादुर जि.सीले शिक्षाको बिकासमा अभिभावक र सम्बन्धित पक्षको विशेष भुमिका रहने बताएका छन् । उनले अभिभावक र सम्बन्धित पक्षको भुमिका बिना विद्यालय र शिक्षाको गुणस्तरीय बिकास संभव नहुने जनाउँदै यी दुई पक्षले आपसी सम्बन्ध राखेर अगाडी बढ्न् अनुरोध गरेका हुन् । कार्यक्रममा बोल्ने सबै बक्ताहरुले बिद्यालय र शिक्षाको क्षेत्रलाई अगाडी बढाउनको लागि सबै पक्षको सकरात्मक भुमिका रहनुपर्ने बताएका हुन्। यो वार्षिक उत्सव तथा स्वर्ण महोत्सवले विशेष गरि विद्यालयलाई सबै सामु परिचित गराउँदै आर्थिक संकलन गरि विद्यालयको शैक्षिक र भौतिक क्षेत्रमा सुधार गर्ने उद्धेश्यका साथ सञ्चालन गरिएको अमर मा.वि चुँजाका शिक्षक बासुदेब पौडलले जानकारी दिए । महोत्सव २ दिन सम्म सञ्चालन गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य सांसद सुर्य थापा, बिशिष्ट अतिथि जिल्ला समन्वय समिति प्रमुख धरम बहादुर जि.सी, अतिथिहरुमा प्रमुख जिल्ला अधिकारी बेदप्रसाद अर्याल, मल्लरानी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेश के.सी., महेन्द्र मा.वि खलंगाका प्रधानाध्यापक पितामबर पौडेल, विद्यालय व्यवस्थापन समिति अध्यक्ष यम बहादुर खत्री क्षेत्री लगायतले शुभकामना दिएका थिए ।

विद्यालय व्यवस्थापन समिति अध्यक्ष यम बहादुर खत्री क्षेत्रीको अध्यक्षता रहेको कार्यक्रमको सञ्चालन बिद्यालयका सहायक प्रधानाध्यापक प्रेम कुमार जि.सी.ले गरेका थिए ।

# ज्येष्ठ नागरिकलाई महोत्सवमा निशुल्क टिकट

प्यूठान । स्वर्गद्वारी प्यूठान पाँचौं महोत्सव २०७९ मा जेष्ठ नागरिकहरुलाई प्रवेश निःशुल्क हुने भएको छ । उपसमितिको सिफारिसमा महोत्सव कार्यसम्पादन समितिले टिकट दर निर्धारणा गर्दै जेष्ठ नागरिकलाई निःशुल्क प्रवेशको सुविधा दिने निर्णय गरेको हो । सुविधा लिनका लागि आवश्यक प्रमाण जस्तैः जेष्ठ नागरिक परिचय पत्र, नागरिकता वा उमेर खुल्ने कुनै आधाकारिक प्रमाण साथमा ल्याउनुपर्नेछ । सर्वसाधारणका लागि ८० रुपैया प्रवेश टिकट शुल्क निर्धारण गरिएकोमा विद्यार्थीलाई विशेष छुट दिइने महोत्सव प्रचार प्रसार समितिका संयोजक एवं प्यूठान उद्योग बाणिज्य संघका उपमहासचिव गोविन्दराज पोखेलले जानकारी दिए । उनका अनुसार विद्यार्थी परिचय पत्रका आधारमा ५० रुपैया शुल्कमा विद्यार्थीले प्रवेश टिकट पाउनेछन् । महोत्सव यहि फागुन ४ गतेदेखि १४ गतेसम्म गणतान्त्रिक खेल मैदान बिजुवार प्यूठानमा संचालन हुँदैछ । महोत्सव मुख्य आयोजक प्यूठान उद्योग बाणिज्य संघ रहेको छ।

# बेरोजगारलाई गौमुखीमा उद्यमशिल तालिम

गौमुखी गाउँपालिका प्यूठानले बेरोजगारहरुका लागि उद्यमशिलता तालिम सञ्चालन गरेको छ । ग्रामीण क्षेत्रमा रहेका बेरोजगार युवा, महिला तथा बैदेशिक रोजगारबाटबाट जागिर गुमाएर फर्किएकाहरुलाई तालिम सञ्चालन गरिएको उद्यम विकास सहजकर्ता गोमा पुनले जानकारी दिइन् ।

सीप सिकौ, उद्यमी बनौ भन्ने नारा सहित गौमुखी गाउँपालिका वडा नं. १ र २ नं मा सीपमुलक तालिम सुरु गरिएको उनले जानकारी दिइन् । आर्थिक वर्ष २०७८/०७९ को कार्यक्रम अनुसार यो तालिम अगाडी सारिएको हो । सीपमा आत्मनिर्भर बनाई आयआर्जनमा बृद्धि बिकास गर्ने र स्वारोजगार बनाउने तालिमको लक्ष्य रहेको सहजकर्ता पुनले बताइन् । गौमुखी गाउँपालिकाको १ नं वडामा २३ गते सोमबार देखी सीलाई कटाई, मगर संस्कृतीको लागि लुङ्गी बुनाई, बुटिक तालिम र चाउमिन बनाउने गरि चार विधामा तालिमहरु सञ्चालन भएका छन्। सिलाई कटाईको लागि १४ जनालाई २ महिना, लुङ्गी बुनाईमा १७ जनालाई २ महिना, बुटिक तालिमको लागि ८ जनालाई एक महिना र चाउमिन बनाउने १ हप्ताको लागि ९ जना गरि त्यस वडामा ४८ जना रहेका छन् ।

त्यस्तै २ नं वडामा ढाका सल बुन्ने, सिलाई कटाई र सुइटर बुन्ने गरि ३ तहमा कार्यक्रम सुरु भएको छ। वडामा सल बुन्ने तालिमको लागि २ महिना, सिलाई कटाईको लागि २ महिना र स्विटर बुन्ने तालिम १ महिना सम्म हुने भएको हो ।

# रेडक्रसको नेतृत्वमा पुरानै अनुहार

झुलेनी पोष्ट
प्यूठान

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा प्यूठानको ३७ औं जिल्ला बार्षिक साधारण सभा तथा १२ औं जिल्ला अधिवेशनले निर्विरोध नयाँ नेतृत्व चयन गरेको छ । शाखाको सभापति, मन्त्री र कोषाध्यक्षमा पुरानै अनुहार दोहरिएका छन् । अधिवेशनबाट गुमानराज पुलामीको सभापति रहेको १७ सदस्यीय कार्य समिति चयन भएको हो । महिला तर्फ उपसभापतिमा हिमा भण्डारी र खुल्ला तर्फ देवीप्रसाद रिजाल, मन्त्री दामोदर शर्मा, कोषाध्यक्ष घनश्याम न्यौपाने, उपमन्त्री पार्वता आचार्य र उप कोषाध्यक्षमा धुर्ब बहादुर जि.सी सहित ७ पदाधिकारी चुनिएका हुन् । तीन महिला सहित अन्य १० जना शाखाको सदस्यमा चुनिएका छन् । साधारण सभा तथा अधिवेशनलाई सम्बोधन गर्दै जिल्ला समन्वय समिति प्रमुख धरम बहादुर जि.सीले सेवा नै धर्म हो भनि अगाडी बढेको रेडक्रस चर्चित अवस्थामा रहेको धारणा राखे । उनले रेडक्रस मार्फत धेरै मानिसको मन जित्न सफल भएको र मनमा बसेको देख्दा आफुलाई गौरवान्बित लागेको बताए । साथै जिल्लामा भएका स्थानीय तहहरुसँग समन्वय गरि रेडक्रसलाई चाहिने आर्थिक देखी लिएर भौतिक तथा जुनसुकै ठाउँमा पनि आफुहरु सहयोग गर्न तयार रहेने समेत उनको भनाई छ ।

प्रमुख जिल्ला अधिकारी बेदप्रसाद अर्यालले रेडक्रसका ७ सिद्धान्तहरुप्रति प्रवाहित भएर समाज सेवा र दुखीहरुलाई पुऱ्याएको योगदान महत्वपुर्ण रहेको बताए । प्यूठान उद्योग बाणिज्य संघका महासचिव सन्देश आर्चायले रेडक्रस प्यूठानले मानवीय सेवा सँग रहेर निरन्तर र निश्पक्ष रुपमा काम गर्ने संस्था रहेकोले सोहि अनुसार कार्य गर्न अनुरोध गरे । रगत र राहत बोकी जिल्लाको कुना काप्चा सम्म यो संस्था पुगेको भन्दै अझै त्यो कामलाई थप बिस्तार गर्दै अगाडी बढ्न अनुरोध गरेका हुन् ।

साधारण सभाको अवसरमा शाखाका मन्त्री दामोदर शर्माले प्रगति प्रतिवेदन पेश गरेका थिए । प्रतिवेदनमा आजिवन सदस्य २ हजार २ सय २, आगलागी, बाढी पहिरो, हावाहुरीबाट पिडित २ सय २८ घरपरिवारप्रभावितहरुलाई राहत सामग्रि वितरण गरिएको, गर्भवति आमा, सुत्केरी र अन्य बिरामीहरुलाई एम्बुलेन्स मार्फत जिल्ला बाहिर र भित्र लैजाने लिने सेवा उपलब्ध गराएको, लगायत विविध विषयमा प्रगति प्रतिवेदन पेश गरेका थिए ।

समाचार, सूचना, विचार र विज्ञापन प्रकाशन तथा प्रसारणका लागि हामिलाई सम्पर्क ०८६-५९०४३६
झुलेनी पोष्ट साप्ताहिक
रेडियो झुलेनी १०४.७ मेगाहर्ज

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : १/०७९/०८०
झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# मस्तिष्क स्वस्थ राख्न यी कुरामा ध्यान दिनुस



**आदर्श प्रधान**
मनोविद्, होलिस्टिक माइन्डस एन्ड लाइफ सेलिब्रेसन सेन्टर

**तनाव**

दिमागलाई असर पार्ने एउटा महत्वपूर्ण कारण भनेको तनाव अर्थात स्ट्रेस हो। लगातारको तनावका कारण मस्तिष्कले कार्टिसोल हमीन रिलिज गर्दै लैजान्छ। र, बिस्तारै शरीरभरि तनाव फैलिन थाल्छ। सामान्य अवस्थामा पनि तनावविना काम गर्न नसक्ने परिस्थिति आउन सक्छ। त्यसैले दिमागलाई तनावमा राख्नुहुँदैन।

**फ्री र्‍याडिकल**

फ्री -याडिकलले मस्तिष्कमा आघात पुयाउने काम गर्छ। यसले मस्तिष्कको कोषिकाहरूलाई मार्ने काम गर्छ। अनि मस्तिष्कमा असर पुग्छ। यसकै कारण मेमोरी लस, मुड डिसअर्डर, सेन्स गुम्नेलगायतका समस्या हुने गर्छ। यसले क्रोनिक स्ट्रेस, मेन्टल डिसअर्डर, डिप्रेसनलगायतका समस्या पनि निम्त्याउने गर्छ। यो तनावसँग पनि जोडिएको हुन्छ। यसबाट बच्न जरुरी छ।

**मदिरा र लागुपदार्थ**

मदिरा र लागुपदार्थ पनि मस्तिष्कलाई अत्यधिक असर गर्ने एउटा तत्व हो। मदिराले मस्तिष्कको जटिल संरचनामा गहिरो प्रभाव पार्छ। यसले मस्तिष्क कोषिकाहरू ९न्युरोन्स० बीचको रासायनिक संकेतहरू रोक्छ, जसले आवेगपूर्ण व्यवहार, अस्पष्ट बोली, कमजोर स्मरणशक्ति बनाउँछ। मस्तिष्कको न्युर ोट्रान्समिटरलाई असर पु-याउँछ। धूम्रपानले पनि मस्तिष्कमा असर पुर्‍याइरहेको हुन्छ।

**हर्न, कोलाहल**

हर्न र अत्यधिक कोलाहलले मनिसमा स्ट्रेस बढाउने काम गर्छ। र, मानिस इरिटेड हुन थाल्छ। जसले दिमागमा पनि प्रत्यक्ष असर पुर्‍याइरहेको हुन्छ। यसले कानको जालीमा पनि उत्तिकै असर पार्छ। किनकि, कानको पनि आफ्नै सीमा हुन्छ। बढी चकी र निकै सानो आवाजले पनि कानलाई असर पुर्‍याउँछ। जसका कारण मानिसमा रक्तचाप पनि बढ्न थाल्छ।

**मोबाइलको बढी प्रयोग**

पछिल्लो समय प्रायः मानिसहरूले मोबाइलमा अत्यधिक समय बिताउने गर्छन। यसबाट निस्कने रेडिएसनहरूले मस्तिष्कमा असर पुर्‍याइरहेको हुन्छ। राति सुत्ने वेला बढी मोबाइल चलाउँदा त अझ बढी असर गर्छ। सिरानी वा टाउकोको नजिकै मोबाइल राखेर सुत्ने बानी पनि गर्नुहुँदैन। सकेसम्म खाटमा मोबाइललगायतका इलेक्ट्रोनिक डिभाइसहरू राख्नुहुँदैन। यसो गरेमा खाटमा जानेबित्तिकै निद्रा आउने बानीको विकास हुन्छ।

**एन्जाइटी, डिप्रेसन**

एन्जाइटी, डिप्रेसनजस्ता मानसिक समस्याहरूले पनि मस्तिष्कमा असर पुर्‍याइरहेको हुन्छ। ब्रेनका भागहरू असन्तुलित हुन थाल्छन्। समस्या लामो समयसम्म बढ्दै जाँदा कुनै कारणविना पनि डर लाग्ने, नकारात्मक विचार, अत्यधिक थकान हुने लगायतका समस्या आउन सक्छ।

**दुर्घटना**

शरीरका सबै भाग मस्तिष्कबाट स्वचालित हुन्छन। दुर्घटना हुँदा चोटले दिमागमा पनि असर पुग्छ। खासगरी, शरीरका केही भागमा चोट लाग्दा पनि कुनै न कुनै मात्रामा त्यसको असर मस्तिष्कमा पर्न जान्छ।

**विषादीयुक्त खाना**

हाम्रो शरीरसँग खानाको सीधा सम्बन्ध हुन्छ। असन्तुलित र अस्वस्थकर खानाले पाचन प्रणालीमा हानि पुर्‍याउने गर्छ। अत्यधिक विषादीयुक्त खानाले त शारीरिक साथै मानसिक असर पनि पर्न जान्छ। यस्ता खाद्यपदार्थले शरीरमा असर पार्छ र त्यस्ता असर रगतका माध्यमबाट मस्तिष्कमा पनि पुग्छ। यस्ता खानाले मानिसमा तनाव बढाउने पनि काम गर्छ। जसले गर्दा मस्तिष्कमा आघात पुग्छ। त्यसैले हामीले सधैँ स्वस्थ खानेकुरा खानुपर्छ।

## नगरपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्जवल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

अनुरोधक :
स्वर्गद्वारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, भिंगृ प्यूठान

## सडक डिभिजन कार्यालय प्यूठानको सुचना

प्रस्तुत विषयमा सडक भिभिजन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने भालुवाङ-चकचके सडक खण्ड अन्तर्गत NH-53 को चेनेज ३७+००० देखि ३८+००० कि.मि. खण्डमा मिति २०७९ पुस २८ गतेदेखि अर्को सुचना नहुँदा सम्मको लागि सडक बिस्तार गर्न गइरहेको हुँदा तपसिलको समयमा सडक बन्द रहने सूचना सम्बन्धित सबैमा सादर अनुरोध गरिन्छ।

**तपसिल :**

१) **स्थान** : भालुवाङ-चकचके सडक खण्ड
२) **चेनेज** : ३७+००० ३८+००० कि.मि.
३) **सडक बन्द हुने समय** :
बिहान ११:०० देखि बेलुका ५:०० बजेसम्म
४) **सडक खुल्ने समय** :
बिहान ८:०० देखि ११:०० बजे र
बेलुका ५:०० देखि ९:०० बजेसम्म

अनुरोधक
सडक डिभिजन कार्यालय, प्यूठान

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्जवल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

अनुरोधक
झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते प्यूठान, लुम्बिनी प्रदेश

## गाउँपालिका बासीमा अनुरोध

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिवासे प्यूठान, लुम्बिनी प्रदेश

# सरकारले घटायो दुई खर्ब ४४ अर्ब

काठमाण्डौ । उपप्रधान तथा अर्थमन्त्री पौडेलले चालू आर्थिक वर्षको बजेटको आकार घटाएका छन् । आइतबार चालू आर्थिक बजेटको अर्धवार्षिक समीक्षाको सर्वेक्षण प्रतिवेदन प्रतिनिधि सभामा पेस गर्दै दुई खर्ब ४४ अर्ब अर्थात १४ प्रतिशतले बजेट घटाएको बताएका हुन्।

अर्थमन्त्री पौडेलले चालू बजेट तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख रुपैयाँबराबरको ल्याएको बजेट चालू आर्थिक वर्षको बजेट समीक्षा मार्फत घटाएर १५ खर्ब ४९ अर्ब ९९ करोड ७७ लाखमा झारेको जानकारी गराए। उनका अनुसार १३ खर्ब ४१ अर्बको राजस्व संकलनको लक्ष्य पनि घटाएर १२ खर्ब ४४ अर्ब ७५ करोड बनाइएको छ । उनले खर्च नहुने बजेट अर्थ मन्त्रालयमा समर्पण गरेर पठाउनुपर्ने बताए।

अर्थमन्त्री पौडेलले चालू खर्चमा मितव्ययिता कायम गरी खर्चलाई पुनः प्राथमिकीकरण गर्ने जानकारी गराए। चालू खर्च १० खर्ब २१ अर्ब ९२ करोड ८४ लाख र पुँजीगततर्फ तीन खर्ब १३ अर्ब ८४ करोड १६ लाख र वित्तीय व्यवस्थापनतर्फ दुई खर्ब १४ अर्ब २१ करोड ७७ लाख अर्थात ९३.०५ प्रतिशत खर्च हुने अनुमान सरकारले गरेको छ।

# उद्यमशिलता तालिम आर्थिक समृद्धिको आधार

**झुलेनी पोष्ट**
**प्यूठान**

माण्डवि : उद्यमशीलता विकास आर्थिक समृद्धिका लागि महत्वपुर्ण आधार भएको माण्डवी गाउँपालिका अध्यक्ष नमराज अधिकारीले बताएका छन् । गाउँपालिका द्वारा वडा नं.२ मर्कावाङ्गमा आयोजित व्यवसाय सञ्चालन सम्वन्धि ८ दिने उद्यमशीलता विकास तालिम समापन बोल्दै उनले यस्तो बताएका हुन् । उद्यमीले सिकेको सिपलाई सदुपयोग गरि उत्पादन गरेका नयाँ-नयाँ वस्तु तथा सेवाहरुको बजारीकरण समेत स्थानीय सरकारले गर्ने अध्यक्ष अधिकारीले वचन व्यक्त गरे । यस्तै वडा अध्यक्ष प्रकाश वलीले सरकारको लगानीलाई बेवास्ता नगर्न आग्रह गर्दै विगतलाई विर्सेर नयाँ उदाहरण रच्न सहभागीहरुलाई निर्देशन दिएका छन् । अध्यक्ष वलीले एक फरक प्रसङ्गमा कुनै पनि कार्यक्रमलाई सफल र प्रभावकारी ढंगले सम्पन्न गरे पछि मात्र थप नयाँ कार्यक्रम माग गर्न समेत सहज हुनै बताउँदै सिपको व्यवहारिक कार्यान्वयन मार्फत उद्यमशील बन्न सहभागिहरुलाई सुझाव दिएका हुन् । साथै उनले विगतको सरकार भन्दा वर्तमान सरकारले आफ्नो वडामा अनुगमनलाई थप चुस्त, दुरुस्त र प्रभावकारी बनाउन केन्द्रित बनिरहेको बताए । कार्यक्रममा गाउँकार्यपालिका सदस्य रमा पौडेल, बरिस्ठ लघु उद्यम विकास सहजकर्ता फुर्स बहादुर नेपाली लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा स्वागत मन्तव्य राख्दै सहभागी समीक्षा केसीले आफू केही सीप सिकेर आर्थिक रुपमै आत्मनिर्भर बन्ने उद्देश्यले तालिममा सहभागी भएको बताइन् । यस्तै उनले तालिम पश्चात सहभागी सवै उद्यमशील बनेर देखाउने पनि विस्वास व्यक्त गरिन । ३० जना सहभागी रहेको तालिम माघ २० गते देखि सुरु भएको थियो ।

# गभर्नर भन्छन-राष्ट्र बैंक पुँजीबजारप्रति नकारात्मक छैन

काठमाण्डौ। नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंक पुँजीबजारप्रति नकारात्मक नरहेको बताएका छन् । आइतबार नेपाल आर्थिक पत्रकार समाज (सेजन) अवार्ड कार्यक्रममा बोल्दै गभर्नर अधिकारीले नेपाल राष्ट्र बैंक पुँजीबजारको विकास गर्न प्रतिबद्ध रहेको भन्दै कहिल्यै पुँजीबजारप्रति नकारात्मक नभएको बताएका हुन् । गभर्नर अधिकारीले सेयर बजार बढ्नु र कहिलेकाहीं घट्नु स्वाभाविक भएको बताए। उनले पुँजीबजार हेर्ने छुट्टै केन्द्रीकृत नियमन निकाय भएको बताउँदै धितोपत्र बोर्डले पुँजीबजारलाई नियन्त्रण र अनुगमन गर्ने बताए।

उनले राष्ट्र बैंकले नियमन गर्ने भनेको वित्तीय क्षेत्रभित्रका बैंक तथा वित्तीय संस्थाहरू मात्रै भएको स्पष्ट पारे। उनले नेपाली पुँजीबजारमा बाफियाभित्र ७० प्रतिशत संस्थाहरू समावेश भएकाले राष्ट्र बैंकले यी संस्थाहरूलाई गरेको नियमनको कारणले प्रभाव परेको हुन सक्ने बताए। राष्ट्र बैंकको इच्छाअनुसार पुँजीबजारलाई असर पर्ने नीति नलिएको भन्दै राष्ट्र बैंक जहिले पुँजीबजारको प्रोस्पर चाहेको बताए।

राष्ट्र बैंक बैंकहरूसँग भएको पुँजी उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने गरी नीति लिएकाले प्रत्यक्ष रूपमा सेयर बजारको विषयमा नबोलेको उनको भनाइ थियो।

उनले सेयर बजारको शब्दहरू मौद्रिक नीतिमा नभएकाले अन्यथा नलिन आग्रह गर्दै विदेशी मुद्रा सञ्चितिमा सन्तुलनमा राख्नको लागि आयात प्रतिबन्धको नीति लिएको भन्दै सहज भएसँगै खुल्दै गरेको स्पष्ट पारे।

# नाफासँगै सामाजिक क्षेत्रमा लगानि गर्न प्रजिअको आग्रह

मल्लरानी। उद्योग व्यवसाय निश्चित मुनाफा कमाउने क्षेत्र भए पनि सामाजिक क्षेत्रमा समेत लगानी गर्न प्रमुख जिल्ला अधिकारी वेदप्रसाद अर्यालले उद्योगी व्यवसायीहरुलाई आग्रह गरेका छन् । प्यूठान उद्योग बाणिज्य संघले संघको सचिवालय खलंगामा आयोजना गरेको स्वागत तथा परिचयात्मक कार्यक्रममा बोल्दै उनले समस्यामा परेकाहरलाई राहत उपलब्ध गराउने गरी सामाजिक क्षेत्रमा समेत सहयोग गर्न आग्रह गरेका हुन् । नवआगन्तुक प्रमुख जिल्ला अधिकारी अर्यालले आईपर्ने समस्याको सरोकारवालाहरु सँगको समन्वयमा समाधानका उपाए खोजिने उल्लेख गरे । उद्योगी व्यवसायीहरुको उन्नती र प्रगतिले नै देशको उन्नती प्रगति गर्न सक्ने भएकाले व्यवसायीहरुको समस्या समाधानमा ध्यान दिने उनको भनाई थियो । स्वागत तथा सम्मान कार्यक्रममा जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रहरी नायव उपरिक्षक सुवाश खड्काले जिल्लाका चोरीका घटनाहरु भन्दा हल्ला धेरै भएको भन्दै समस्या समाधानका लागि आफुहरु तयार रहेको बताए । प्रमुख जिल्ला अधिकारी र प्रहरी नायव उपरिक्षकलाई प्यूठान उद्योग बाणिज्य संघका अध्यक्ष पशुपति नारायण नकर्मीले स्वागत गरेका हुन् । कार्यक्रममा जिल्लाको समग्र विकास निर्माण सहित स्वागत मन्तव्य संघका पूर्व अध्यक्ष इमानसिंह भारतीले राखेका थिए । बाग्दुलाको बाटो र जिल्लामा पाठ्यपुस्तकको समस्याका बारेमा नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ प्यूठानका अध्यक्ष सुवासचन्द्र भण्डारीले राखेका थिए । संघको बैठक हलमा आयोजना गरिएको कार्यक्रममा संघका पदाधिकारी, पूर्व अध्यक्ष, सल्लाहकार, बस्तुगत तथा एशोसियट सदस्य, उद्योग, व्यवसायीहरुको उपस्थिति रहेको थियो ।


## एड्स तथा यौन रोगबाट बच्न र बचाउन

- सुरक्षित यौन सम्पर्क गरौं । यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं।
- जीवाणुरहित सुईको मात्र प्रयोग गरौं ।
- एच. आई. भि. नियमित परीक्षण गरौं ।
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

अनुरोधक :
स्वास्थ्य कार्यालय प्यूठान



## सडक पूर्वाधार विकास कार्यालय खलंगा प्यूठानको सुचना

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।
५) सडक आसपास क्षेत्रमा ढुंगा, बालुवा, गिट्टी, ननिकालौं।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

विस्तृत जानकारीका लागि सडक
सडक पुर्वाधार विकास कार्यालय खलंगामा सम्पर्क गरौं ।

अनुरोधक :
सडक पूर्वाधार विकास कार्यालय खलंगा, प्यूठान ।



## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्जवल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

अनुरोधक
सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान, लुम्विनी प्रदेश



## गाउँपालिका बासीमा अनुरोध !

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

अनुरोधक
माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर प्यूठान, लुम्विनी प्रदेश

## सुनौलो अवसर ! सुनौलो अवसर !! सुनौलो अवसर !!!

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा यहि मिति २०७९ माघ २९ गतेदेखि प्यूठान जिल्लाका तपसिलमा उल्लेखित मिति र स्थानमा परिवार नियोजन स्थायी बन्ध्याकरण महिलाहरूको लागि मिनिल्याप र पुरुषहरूका लागि भ्याक्सेटोमी गर्ने शिविर राखिएको हुँदा सन्तानको रहर पुगेका इच्छुक दम्पतीहरुले आफूलाई पायक पर्ने स्थानमा गई सेवा लिनुहुन अनुरोध छ ।

**शिविर सञ्चालन हुने स्थान र मिति**

| क्र.सं. | पुजा स्वास्थ्य चौकी | २०७९ माघ २९ गते |
|---|---|---|
| १ | ओखरकोट स्वास्थ्य चौकी | २०७९ फागुन १ गते |
| २ | बाहाने सामुदायिक स्वास्थ्य इकाइ | २०७९ फागुन ३ गते |
| ३ | भिङ्गृ प्राथमिक स्वास्थ्य केन्द्र | २०७९ फागुन ५ गते |
| ४ | देविस्थान स्वास्थ्य चौकी | २०७९ फागुन ६ गते |
| ५ | बाङ्गेसाल स्वास्थ्य चौकी | २०७९ फागुन ७ गते |
| ६ | घरमपानि स्वास्थ्य चौकी | २०७९ फागुन ०९ गते |
| ७ | बरौला स्वास्थ्य चौकी | २०७९ फागुन ११ गते |
| ८ | सापडाँडा स्वास्थ्य चौकी | २०७९ फागुन १३ गते |

नोटः अन्य थप जानकारीका लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नुहुन अनुरोध छ । साथै महिला स्थायी वन्ध्याकरण सेवा लिनका लागि खालीपेट आउनु पर्नेछ ।

अनुरोधक :
**स्वास्थ्य कार्यालय, प्यूठान**

## नगर बासीमा अनुरोध

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

अनुरोधक
**स्वर्गद्वारी नगर पालिका**
**नगर कार्यपालिकाको कार्यालय**
भिंगृ प्यूठान,लुम्बिनी प्रदेश

## जातीय विभेदको अन्त्य गरौं

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं ।
- मानिसको श्रेष्ठता उसको आचारणले निर्धारण गर्दछ ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं ।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं ।
- छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

## गाउँपालिका बासीमा अनुरोध

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बाहाने प्यूठान,लुम्विनी प्रदेश

# प्रदेश स्थापना दिवस हर्षोल्लासका साथ मनाऔं

लुम्बिनी प्रदेश सरकार
**आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

अनुरोधक
**मल्लरानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खलङ्गा प्यूठान, लुम्विनी प्रदेश


**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जसपुर, प्यूठान